# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, कार्त्तिक ७ गते २०६१ साल (अतिरिक्ताङ्क ३३ (ख)

## भाग १

## शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेवबाट**
**विजया दशमी २०६१ को शुभ-उपलक्ष्यमा**
**देशवासीका नाममा बक्सेको सन्देश**
(२०६१ साल कार्तिक ७ गते)

प्यारा देशवासीहरू,

पारस्परिक मर्यादा, सद्भावना, सहयोग, स्नेह र एकता जस्ता मानवीय गुणहरू अभिवृद्धि गर्ने हाम्रो महान् चाड बडादसैं नेपालीहरूको घरआँगनमा आइपुगेको छ। यस शुभ-उपलक्ष्यमा देशभित्र र बाहिर रहेका सबै नेपालीहरू तथा विश्वका सम्पूर्ण हिन्दूहरूको सुख, शान्ति तथा समृद्धिका लागि शुभकामना व्यक्त गर्दछौं।

आज देश र देशवासीले भोग्नुपरिरहेको अशान्ति र ध्वंसात्मक गतिविधिको अन्त्य गरो देशलाई शान्तिपूर्ण वातावरणमा फर्काउन अब

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढिलाइ गर्नुहुँदैन। यही नै नेपाली जनता र नेपालका हितैषीहरूको एकमात्र चाहना पनि हो। तसर्थ देशमा अझै पनि चलिरहेको विनाशको दुष्कर्मलाई सदाका लागि अन्त्य गर्न, सबै शान्तिप्रेमी बहुदलीय प्रजातन्त्रवादीहरूबीच देशहितको बिन्दुमा निष्ठापूर्वक एकता कायम हुनैपर्दछ। यही नै शान्ति पुनःस्थापना गर्ने बाटो हो र यसैबाट मात्र जनताको हितमा प्रभावकारी सुधारहरू गरेर लोककल्याणकारी समाजको रचनाद्वारा बहुदलीय प्रजातन्त्र-लाई समर्थ बनाउन सकिन्छ।

राष्ट्रको यो कठिन घडीमा आफ्नो पूर्वाग्रह, उन्माद र दुराग्रहलाई त्यागेर मातृभूमिको हितमा समर्पित हुन सबैलाई श्री नवदुर्गा भवानीले प्रेरणा प्रदान गरुन्– यही हाम्रो प्रार्थना छ।

जय नेपाल !

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।–

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४८